का.जि.प्र.का.द.नं. १००/०५९/६०

३० साउन २०८२
शुक्रबार
15 August 2025
Friday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इँपेपर हेर्न

वर्ष २३, अंक १९४ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# कर्मकाण्डी कार्यसम्पादन

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २९ साउन

सरकारका कामलाई प्रभावकारी बनाउन प्रधानमन्त्री केपी शर्मा ओलीले विभागीय मन्त्रीहरूसँग आगामी एक वर्षका लागि कार्यसम्पादन सम्झौता गरेका छन् । विगतमा भएका सम्झौताअनुसार मन्त्रीहरूको कार्यसम्पादन सन्तोषजनक नभएकाले प्रधानमन्त्रीसँगको कार्यसम्पादन कर्मकाण्डी मात्रै हुने सन्देह बाँकी नै छ ।

तर सरकारले गर्नैपर्ने कामअन्तर्गत कार्यसम्पादनलाई लिएको छ । गत वर्ष प्रधानमन्त्री ओलीले यिनै मन्त्रीहरूसँग कार्यसम्पादन सम्झौता गरेका थिए । ओलीसँग चालु आर्थिक वर्षमा गरिने मुख्य काम र हासिल हुने उपलब्धिका लागि उपप्रधानमन्त्रीद्वय प्रकाशमान सिंह र विष्णुपौडेलले कार्यसम्पादन सम्झौतामा हस्ताक्षर गरेका छन् । त्यस्तै, मन्त्रीहरूबीच पनि बिहीबार नै कार्यसम्पादन सम्झौता गरेका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा मन्त्रालयगत वार्षिक प्रगति समीक्षाका साथै कार्यसम्पादन सम्झौतामा हस्ताक्षर भई आदानप्रदान गरिएको प्रधानमन्त्रीको कार्यालयले जनाएको छ । गत वर्ष भदौ २७ मा यस प्रकारको कार्यसम्पादन सम्झौता भएको थियो । यस वर्ष झन्डै एक महिनाअगाडि सम्झौता भएकाले वर्षभरि गरिने काम तथा सम्पादनलाई छिटो पृष्ठ २ मा



कार्यसम्पादन सम्झौताले मन्त्रीहरूलाई परिणाम ल्याउनलाई दबाब पुग्छ भन्ने असल मनसाय देखिए पनि अर्थपूर्ण परिणाम देखिएको छैन, यो केवल कर्मकाण्डी मात्रै भएको छ ।

**काशीराज दाहाल**
**प्रशासन तथा सुशासनविद्**

# ४० वर्षमा हराए ४०९ मूर्ति

अध्ययन, भ्रमण र कामको सिलसिलामा विदेश पुगेका नेपालीहरूले नेपालबाट बेचिएका मूर्ति देखेपछि सामाजिक सञ्जालमा राखिदिँदा फिर्ताका निम्ति सरकारलाई सहज भएको छ ।



संसारभरि फैलिएका नेपालीले आफ्ना सम्पदाको महत्व जान्छन् र त्यसलाई फर्काएर ल्याउने योग्यता राख्छन् ।

**बद्री पाण्डे**
**मन्त्री, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २९ साउन

नेपालबाट विगत ४० वर्षमा ४ सय ९ मूर्ति हराएको आधिकारिक तथ्यांक छ । पुरातत्व विभागको सूचना अभिलेखमा २०४२ सालदेखि गत २०८१ सालसम्म नेपालबाट ४ सय ९ वटा मूर्ति हराएको भनेर निवेदन परेको उल्लेख छ । मूर्ति हराए तापनि निवेदन नदिने वा नपर्ने अवस्था कायमै रहेकाले कति समयमा कति मूर्ति हराए यकिन भन्न नसकिने पुरातत्व विभागका अधिकारी बताउँछन् ।

नागरिकहरूले स्थानीय सरकार, जिल्ला प्रहरी कार्यालयमा समेत मूर्ति हराएको उजुरी दिने गरेका छन् । कतै उजुरी नगरेर बसेकाको संख्या एकातिर धेरै हुन सक्छ भने अर्कातिर पुरातत्व विभागसम्म उजुरी र पृष्ठ २ मा



# चाडपर्वमा कमाउने दाउ
## दैनिक उपभोग्य वस्तुमा बढ्न थाल्यो भाउ

चाडपर्वलाई कमाउने अवसरका रूपमा कृत्रिम अभाव सिर्जना गरेर उपभोक्तासँग महँगो मूल्य लिन सुरु गरेका छन् । पछिल्लो एक सातामै तेल, दाल, चामल, मसला, मैदा, मासु, अन्डा, तरकारीलगायतको मूल्य बढेको छ ।

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, २९ साउन

चाडपर्व नजिकिँदै गर्दा उपभोग्य वस्तुको मूल्य व्यवसायीले आफूखुसी बढाउने क्रम सुरु भएको छ । चाडपर्वलाई कमाउने अवसरका रूपमा कृत्रिम अभाव सिर्जना गरेर उपभोक्तासँग चर्को महँगो मूल्य लिन सुरु गरेका छन् ।

मुख्यगरी दैनिक उपभोग्य तथा लत्ताकपडामा विभिन्न कारण देखाउँदै मूल्यवृद्धि भइरहेको उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष माधव तिमल्सिना बताउँछन् । नेपालीहरूको महत्वपूर्ण चाड तिज, दसैं, तिहार चाडपर्वका सुरु हुँदै गर्दा बजारमा उपभोग्य वस्तुको मूल्य बढ्न सुरु भइसकेको छ । अहिले पसलअनुसार खाद्यान्नको मूल्य फरकफरक छ । जसले दैनिक उपभोक्ता उत्पादन खरिद गर्दा उपभोक्ता सजिलै ठगिने गरेका छन् । चाडपर्वको सिजनलाई व्यवसायीले उपभोग्य वस्तु, लत्ताकपडादेखि तरकारीलगायतको मूल्य बढाउने गरेका छन् । उपभोक्ताले हरेक दिन बढेको मूल्यमा समान खरिद गरिरहेका छन् तर अनुगमन गर्ने निकायलाई त्यसमा खासै चिन्ता छैन ।

बजार अनुगमनमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, औषधि व्यवस्था विभाग, नेपाल पृष्ठ २ मा



दैनिक उपभोग्य तथा लत्ताकपडामा उपभोक्ता सधैं चाडपर्वमा ठगिन्छन् । सरकार र अनुगमन गर्ने निकायलाई त्यसमा खासै चिन्ता नै छैन ।

**माधव तिमल्सिना**
**अध्यक्ष, उपभोक्ता अधिकार अनुसन्धान मञ्च**

## मलेसिया रोजगारीको सिन्डिकेटप्रति नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको गम्भीर ध्यानाकर्षण सम्बन्धमा

नेपालको संविधानले एकाधिकार (सिन्डिकेट)को बारेमा परिकल्पना गरेको छैन । मलेसिया नेपालको प्रमुख र आकर्षक श्रम गन्तव्य मुलुक हो । लामो समयदेखि बन्द रहेको मलेसियाको रोजगारी केही क्षेत्रमा खुलिसकेको साथै केही क्षेत्रमा खुल्ने तयारी रहेको सन्दर्भमा केही विदेशी तथा स्वदेशी माफिया तत्वहरू मिलेर मलेसियन सरकारलाई समेत प्रभावमा पारी विभिन्न तरिका लागू गरी श्रमिकहरूलाई थप आर्थिक भार हुने गरी मलेसिया रोजगारीको सुनौलो अवसरलाई केही सीमित व्यक्तिहरूले नियन्त्रणमा लिई सिन्डिकेट (एकाधिकार) लगाउन खोजिएको विषय हाल अत्यन्त चर्चा परिचर्चाका साथै गम्भीर विषयसमेत बनेको छ । त्यसैले मलेसिया रोजगारीको सिन्डिकेटप्रति नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको गम्भीर ध्यानाकर्षण भएको छ ।

यही वर्षको वैशाख महिनाको अन्त्यतिर पनि मलेसिया रोजगारीमा सिन्डिकेट लगाउने प्रयास हुँदा लोकतान्त्रिक एसोसिएसनले सार्वजनिक रुपमा नै कुनै पनि हालतमा सिन्डिकेट लगाउन नदिने र यदि कोही कसैले सिन्डिकेट लगाउन खोजे त्यस्ता सिन्डिकेटधारीहरूलाई आमव्ययवसायीहरू माझ सार्वजनिक गर्न र कानुनी कारबाही गर्न लोकतान्त्रिक एसोसिएसनले कुनै कसर बाँकी नराख्ने भन्दै सम्बन्धित निकायहरूमा ध्यानाकर्षण पत्रसहित खबरदारीसमेत गराएको बारे आमव्यवसायीहरू सर्वविदितै हुनुहुन्छ । आमव्यवसायीको हित विपरीत केही व्यवसायी साथीहरू भित्रभित्रै मलेसिया रोजगारीको सिन्डिकेटमा लगानी गरेर बाहिर सिन्डिकेटका लागि तीव्र विरोध गर्दै हुनुहुन्छ, कोही त्यही सिन्डिकेट लगाउन दिनरात लागिपरिरहने, भित्री कुरो अर्कै बाहिर देखाउनका निमित्त सिन्डिकेट रोकिदिनु पऱ्यो भन्दै विभिन्न तवरले विरोध गरेजस्तो गर्दै हुनुहन्छ भन्ने सुन्नमा आएको हुँदा यस्ता दोहोरो चरित्र प्रस्तुत नगर्न/नगराउनुहुन समेत एसोसिएसन ध्यानाकर्षण गराउँदछ ।

वैदेशिक रोजगार व्यवसायीहरूको साझा हक, हित अधिकार र सम्मानको रक्षाका लागि स्थापित यस लोकतान्त्रिक एसोसिएसन सीमित व्यक्तिहरूले मलेसियाको रोजगारी आफनो नियन्त्रणमा लिन खोज्ने कुनै पनि सिन्डिकेट (एकाधिकार) लाद्न खोज्ने प्रवृत्ति कुनै हालतमा लोकतान्त्रिक एसोसिएसनलाई स्वीकार्य छैन र त्यस्ता प्रयासहरू विफल बनाउन कुनै पनि कसर बाँकी राख्ने छैन भन्ने आमव्यवसायीहरूमाझ प्रतिबद्धता व्यक्त गर्दछ ।

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र मलेसियास्थित नेपाली राजदूतावासले समेत सिन्डिकेट लागू गर्न दिइने छैन र हुँदैन भनि विज्ञप्तिमार्फत प्रष्ट पारिसेकेकाले त्यस्तो तथ्यहीन हल्लाको पछि लागेर त्रसित नहुन सम्पूर्ण व्यवसायीहरूमा हार्दिक अनुरोध गरिन्छ । केही सिन्डिकेटधारीहरू व्यवसायीहरूलाई आतंकित बनाउन हात धोएर लागिपरेका छन्, बिहान एउटा मुख साँझ अर्को मुख देखाउँदै लागिपरेको सुन्नमा आएको हुँदा त्यस्ता समूहलाई पनि पहिचान गरी कारबाहीको दायरामा ल्याउन एसोसिएसन नेपाल सरकारसमक्ष जोडदार रुपमा माग गर्दछ ।
धन्यवाद ।

**दीपक थापा**
**अध्यक्ष**

**नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन**
नयाँबानेश्वर, काठमाडौं, फोन न. ०१–४५६६४२८, ईमेलः ndfeefforum@gmail.com

**वैदेशिक रोजगार विशेष**

# कुवेतमा विषाक्त मदिरा सेवनबाट १३ एसियाली कामदारको मृत्यु

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ साउन

विषाक्त मदिरा सेवनबाट कुवेतमा १३ जना एसियाली कामदारको मृत्यु भएको छ । मदिरा सेवनबाट अशक्त बनेका नेपालीसहित ठूलो संख्यामा आप्रवासी कामदारलाई अस्पताल भर्ना गरिएको छ ।

कुवेतस्थित दूतावासका श्रम सहचारी गिरिप्रसाद आचार्यले एक नेपालीको ज्यान गएको खबर प्राप्त भएको बताएका छन् । कुवेतको स्वास्थ्य मन्त्रालयले विषाक्त मदिरा सेवनका कारण एसियाली मुलुकका ६३ जनालाई अस्पतालमा भर्ना गरिएको बताएको छ ।

मन्त्रालयले धेरै बिरामीहरू आइसियूमा रहेको र चिकित्सकहरूको टोलीले ३१ जनामा कार्डियोपल्मोनरी रिसुसिटेशन (सिपिआर) गरिरहेको बताएको छ । ५१ जनालाई आपतकालीन डायलिसिस गरिएको मन्त्रालयले जनाएको छ । २१ जनाले स्थायी वा अस्थायी रूपमा आँखाको दृष्टि गुमाएका छन् । अधिकारीहरूले दूषित पेय पदार्थको स्रोतको अनुसन्धान गर्न अस्पताल र सुरक्षा एजेन्सीबीच समन्वय भइरहेको बताएका छन् ।

नेपालीसहित दक्षिण एसियाली कामदारहरूले सस्तोमा पाइने मिथानोल, एन्टिफ्रिज र घोलक जस्ता औद्योगिक उत्पादनहरूमा प्रयोग हुने विषाक्त मदिरा सेवन गर्ने गरेको बताइएको छ । विषाक्त मदिराका कारण टाउको दुख्ने, बान्ता आउने, दृष्टि धमिलो हुने, हृदयाघात भई मृत्यु हुने गरेको छ । कुवेतले मादक पदार्थको उत्पादन, बिक्री र उपभोगलाई कडाइका साथ निषेध गरेको छ । सुरक्षाकर्मीरूले अवैध रूपमा मदिरा पृष्ठ २ मा

### मलेसियाले प्लान्टेसनमा तत्कालै करिब ४० हजार विदेशी कामदारको कोटा स्वीकृत गर्ने

**क्वालालम्पुर/मस–** मलेसियाले प्लान्टेसन क्षेत्रका लागि तत्कालै ३५ देखि ४० हजार विदेशी कामदारको कोटा स्वीकृत गर्ने भएको छ । गत जुलाई ९ तारिकसम्म ४ सय ३४ कम्पनीका लागि ३४ हजार विदेशी कामदार भर्नाका लागि स्वीकृति दिएकोमा विदेशी कामदारको अभाव यथावत् रहेपछि थप कामदारको कोटा स्वीकृत गर्न लागेको प्लान्टेसन एन्ड कमोडिटिज मन्त्रालयले बिहीबार जनाएको छ । उपमन्त्री दातुक चान फूङ हिनले श्रम अभावलाई सम्बोधन गर्नु र राष्ट्रिय उत्पादकत्व पृष्ठ २ मा

VACANCY ANNOUNCEMENT
एक प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
Public Relation Officer (PRO) : 4 (M/F)
Receptionist : 4 (Female)
★ मेनपावर क्षेत्रमा कम्तिमा २ वर्षको अनुभव भई अंग्रेजी राम्रोसँग बोल्न, लेख्न र पढ्न सक्ने हुनुपर्नेछ ।
★ कम्प्युटर राम्रोसँग जानेको हुनुपर्नेछ ।
PROFESSIONAL RECRUITERS GROUP
Kathmandu-3 Nepal, Contact No: 01-4975466, 9851012541
Email : www.prgnepal.com/info@prgnepal.com

ओमनमा वैदेशिक रोजगारीको अवसर
कम्पनी: GALFAR ENGINEERING & CONTRACTING SAOG | शहर: OMAN
पूर्व स्वीकृत मितिः २०८२/०४/१३ | चलानी नं.:६०२४२०९४ | LT. No.:328049 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Concrete Worker (Grade II) | 30 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४३,५१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Dump Truck Driver | 20 | 0 | | 220 | ७९,७७६ | | | | | | | |
| 3. | Foundation Diggers | 20 | 0 | | 120 | ४३,५१४ | | | | | | | |
| 4. | Heavy Duty Driver | 20 | 0 | | 220 | ७९,७७६ | | | | | | | |
| 5. | Mason General | 50 | 0 | | 120 | ४३,५१४ | | | | | | | |
| 6. | Road Vehicles Drivers | 30 | 0 | | 170 | ६१,६४५ | | | | | | | |

अन्तर्वार्ता सुनसरी ट्रेनिङ सेन्टर इटहरीमा २०८२ भदौ ११ गते (27 August 2025) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर शाखा कार्यालय बुटवलमा २०८२ भदौ १२ गते (28 August 2025) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर शाखा कार्यालय पोखरामा २०८२ भदौ १३ गते (29 August 2025) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १४ र १५ गते (30 & 31 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SUPPORT HUMAN RESOURCES PVT.LTD. Gov. Lic No. 661/063/064
Sinamangal, Kathmandu, Nepal, Tel No: 01- 4111126
Mobile No: 9702599999 | 9802378121 | 9802070424 | 9802070434
Itahari Contact No: 9818578658 | Butwal Branch : 9851183443 | Pokhara Branch : 9805188410

**कर्मकाण्डी...**

र प्रभावकारी बनाउन सम्झौता मुख्य आधार बन्ने प्रधानमन्त्री ओलीका निजी सचिव विनोदबहादुर कुँवरले बताएका छन् ।

'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षा पूरा गर्न थालिएका पूर्वाधार निर्माण तथा सेवा प्रवाहमा सुधारका कार्य तोकिएको समयमा सम्पन्न गर्न कार्यसम्पादन सम्झौताको अभ्यास प्रधानमन्त्री ओलीको विगतको कार्यकालमा आरम्भ गरिएको हो,' कुँवरले भने । ओलीले अघिल्लो कार्यकालमा पनि विभागीय मन्त्री र मुख्यसचिवसँग कार्यसम्पादन सम्झौता गरेर सरकारका कामलाई प्रभावकारी बनाउने कामको थालनी गरेको कुँवरको दाबी छ । तर अघिल्लो वर्ष प्रधानमन्त्री ओली र मन्त्रीहरूबीच भएको सम्झौताअनुसार कुनै पनि मन्त्रीले सन्तोषजनक काम गर्न सकेका थिएनन् । कार्यसम्पादनअनुसारका क्रियाकलाप गर्न नसकेका मन्त्रीलाई असफल घोषणा गर्दै फिर्ता बोलाउनुपर्ने आमरूपमा आवाज उठे पनि प्रधानमन्त्री ओलीले पहिलाकै मन्त्रीहरूसँग फेरि सम्झौता गरेका हुन् । भ्रष्टाचार नियन्त्रण गर्दै नागरिकमा सुशासनको प्रत्याभूति दिलाउन, विकास निर्माण र सेवाप्रवाहमा परिवर्तन ल्याउनेगरी सरकारले काम गर्ने प्रतिबद्धताका साथ दुई ठुला दलले सत्ता सहकार्य गरेका थिए । तर दुई दलबीच भएको सहमतिअनुसार सरकारले काम गर्न नसकेको सत्तापक्षकै सांसदहरूले टिप्पणी गर्दै आएका छन् । सत्ताको प्रमुख सहयोगी दल नेपाली कांग्रेसकी सांसद प्रतिमा गौतमले सरकारले एकदमै राम्रो काम गरेको छ भनेर भन्न सक्ने अवस्था नरहेकाले सुधार गरेर जानुपर्ने बताइन् । प्रतिपक्षी दलहरूले सरकारले भ्रष्टाचार र तस्करीसँगको साँठगाँठलाई प्रश्रय दिएको आरोप सदनदेखि सडकसम्म लगाइरहेका छन् ।

यो परिदृश्यमा समेत सरकारका मन्त्री र प्रशासनिक निकायका अधिकारी सच्चिने अवस्थामा नदेखिएको प्रशासनिक निकायका जानकार बताउँछन् । प्रशासनिक कानुनका जानकार तथा सुशासनविद् काशीराज दाहालले प्रधानमन्त्री, मन्त्री र मुख्य सचिवसँग गरेको कार्यसम्पादन सम्झौता कर्मकाण्डीजस्तो मात्रै हुने गरेको टिप्पणी गरे । उनले मध्यान्हसँग भने, 'कार्यसम्पादन सम्झौताले मन्त्रीहरूलाई परिणाम ल्याउनलाई दबाब पुग्छ भन्ने असल मनसाय देखिए पनि अर्थपूर्ण परिणाम देखिएको छैन । यो केवल कर्मकाण्डी मात्रै भएको छ । यसले सरकारको डकुमेन्ट थप्न काम दिए पनि वास्तविक रूपमा नागरिकले अनुभूति गर्नेगरी यो सम्झौताका भरमा काम हुन सकेको छैन ।'

कार्यसम्पादन मूल्यांकनमा अत्यन्तै कम अंकभार ल्याउने र विवादमा आएका मन्त्री फेर्ने विषयमा प्रधानमन्त्री ओली एक हदसम्म लचिलो देखिए पनि सत्ता सहयात्री दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले सहमति नदिएपछि ओली आफैं पछि हटेका थिए । बिहीबार यिनै मन्त्रीसँग कार्यसम्पादन सम्झौता गरेपछि मन्त्री परिवर्तनको च्याप्टर तत्कालका लागि बन्द भएको नेताहरूले बताएका छन् । तर मन्त्रीहरू फेर्ने अधिकार प्रधानमन्त्रीलाई भएकाले उनले चाहेको खण्डमा जतिबेला पनि मन्त्री पेरिन सक्नेछन् । यद्यपि त्यस्तो निर्णयमा पुग्न प्रधानमन्त्रीले सत्ता सहयात्री कांग्रेस सभापति देउवालाई भने विश्वासमा लिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक रूपमा प्रधानमन्त्रीसँगको कार्यसम्पादन आवश्यक भए पनि हाम्रो मुलुकमा कर्मकाण्डी देखिएको सुशासनविद् दाहालको दाबी छ । यसलाई अर्थपूर्ण बनाउने हो भने नियमित अनुगमन, मूल्यांकन र काम सम्झौताअनुसार काम नगर्नेलाई कारबाही गर्नुपर्ने उनले सुझाव दिए । 'विगतको अवस्था हेर्दा कार्यसम्पादन सम्झौता भएको र नभएकोमा तात्विक फरक परेको देखिँदैन,' उनले भने, 'उद्देश्य असल छ, यसलाई अर्थपूर्ण बनाउने हो भने प्रभावकारी अनुगमन र कारबाहीको समेत व्यवस्था गरिनुपर्छ, कर्मकाण्डी बनाइनुहुँदैन ।' प्रशासन सुधार ऐनमा पनि यसलाई उल्लेख गरेको दाहालले बताए । प्रधानमन्त्रीसँग मन्त्रीहरूले कार्यसम्पादन सम्झौता गरेपछि मन्त्रीहरूले सम्बन्धित सचिवहरूसँग र सचिवहरूले आफू मातहतका कर्मचारीसँग कार्यसम्पादन सम्झौता गर्नेछन् ।

**४० वर्षमा...**

निवेदन नपुग्ने अवस्थासमेत छ । तथापि, ४० वर्षमा ४ सय ९ वटा मूर्ति हराएको तथ्यांक भने आधिकारिक र यकिन तथ्यांक हो ।

सरकारी अधिकारीहरूका अनुसार नेपालमा बेलाबेला राजनीतिक परिवर्तन र अस्थिरता हुँदा थुप्रै मूर्ति विदेश लगेर बेचिएको हुन सक्ने शंका गर्छन् ।

पुरातत्व विभागले प्रमाणसहित हराएका मूर्तिको उजुरी लिएर त्यसको खोजी गर्ने गरेको छ । खोजीका लागि परराष्ट्र मन्त्रालयमार्फत राजदूतावास कार्यालय पठाउने र फिर्ताको पहल लिने कार्य हुँदै आएको छ ।

पुरातत्व विभागको सूचना अभिलेखमा उल्लेख भएअनुसार नेपालबाट विदेशमा बेचिएका १ सय ९८ मूर्ति फिर्ता भएका छन् । यी मूर्ति विभिन्न देशमा चोरी तस्करी भएर पुगेका हुन् । यकिन तथ्यांकमा उल्लेख भएअनुसार नेपालबाट हराएका ४ सय ९ मूर्तिमध्ये १ सय ९८ मूर्ति फिर्ता भएका हुन् ।

परराष्ट्र मन्त्रालयका अनुसार सूचना प्रविधिको विकाससँगै नेपालका मूर्ति विदेशमा रहेको पत्ता लाग्न थालेको र फिर्ताको पहल लिनमा समेत सहजता भएको छ । नेपालबाट बेचिएका मूर्ति युरोप, अमेरिकालगायतका देशमा अध्ययन, भ्रमण र कामको सिलसिलामा पुगेका नेपालीहरूले देखेपछि नेपाल सरकारलाई जानकारी गराउन थालेपछि फिर्ताको पहल सहज भएको हो ।

विगतमा नेपालीहरू विदेश कमै जान्थे । पछिल्लो तीन दशकमा नेपालीहरू काम गर्न र पढ्न विदेश जाने क्रम बढेको छ । यससँगै विदेशमा बेचिएका नेपाली मूर्ति भेटिन थालेका हुन् । नेपालबाट बेचिएका मूर्तिहरूमा ऐतिहासिक र प्राचीन रहेका छन् । विदेशमा रहेका नेपालीहरूले देखेका नेपालबाट बेचिएका मूर्तिको फोटो खिचेर सामाजिक सञ्जालमा राख्ने गरेका छन् । यसले पनि नेपाल सरकारलाई नेपालबाट बेचिएका मूर्ति फिर्ताका लागि पहल लिन सहज भएको छ ।

पुरातत्व विभागको अभिलेखमा उल्लेख भएअनुसार फ्रान्स, स्विट्जरल्यान्ड र सिंगापुरलगायतका देशबाट मूर्ति फिर्ता भएका छन् । फिर्ता भएका १ सय ९८ मूर्तिहरूमा पत्थर, काठ, धातुका मूर्ति, टुँडाललगायत रहेका छन् । जो लिच्छविकालीन, मल्लकालीन, शाहकालीन रहेका छन् ।

गत चैत १७ गते विदेशबाट फर्काइएका २१ वटा मूर्ति पाटन संग्रहालय र राष्ट्रिय कला संग्रहालयलाई हस्तान्तरण गर्दै संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेले नेपालबाट चोरी भएका मूर्ति जहाँ भए पनि फिर्ता ल्याउन पहल लिने प्रतिबद्धता जनाएका थिए ।

नेपालको सम्पदा संसारको जुनसुकै कुनामा पुगे तापनि नेपालीले हाम्रा आफ्ना सम्पदा चिन्ने उल्लेख गर्दै उनले भनेका थिए, ' नेपालीले आफ्ना सम्पदाको महत्व जान्दछन् र त्यसलाई फर्काएर ल्याउने कुरामा संसारभरि फैलिएका नेपालीले योग्यता राख्छन् ।'

मन्त्री पाण्डेका अनुसार नेपालको सम्बन्ध विश्वव्यापी छ । नेपालको कूटनीतिक सम्बन्ध पनि अधिकांश देशमा छ । यसकारण मूर्ति फिर्ताका लागि थाहा पाएपछि सरकारले नै पहल लिने मन्त्री पाण्डेको प्रतिबद्धता छ ।

पुरातत्व विभाग पर्यटन मन्त्रालय मातहत छ । जसले बेलायत, अस्ट्रिया, अमेरिका, चीन, तिब्बत, भारत, जर्मनी, अस्ट्रेलिया र इटालीलगायतका देशमा नेपालबाट मूर्ति पुगेको हुन सक्ने भनेर अध्ययनसमेत गरेको छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/११/१२ मा दर्ता भएको **प्रा. लि. नं. १३२७१०** को **डेटा ल्याव प्रा.लि.** को मिति २०८२/०३/१५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**

**चाडपर्वमा...**

गुणस्तर तथा नापतौल विभाग र स्थानीय तहदेखि प्रदेश र संघीय सरकारबीच समन्वय हुनुपर्ने हो तर अन्तरनिकाय समन्वय छैन ।

अध्यक्ष तिमल्सिना भन्छन्, 'मूल्यवृद्धिको अनुगमन गर्ने निकाय नै नागरिकको प्राथमिकताको विषयमा ध्यान दिँदैन । अनुगमनका लागि वार्षिक कार्ययोजना नै छैन । अन्तरनिकाय समन्वय गरेर काम नहुँदा अहिले व्यवसायी विभिन्न वाहनामा मूल्य बढाउन सुरु गरेका छन् ।'

चीनतर्फको बाटो बिग्रिएको, बाढीपहिरोले अन्य सडक पनि बिग्रिएको जस्ता बाहनावाजी गर्दै उपभोक्ताको अनुहार हेरर मूल्य निर्धारण गरिरहेका छन् । नियमन निकायले त्यसमा ध्यान दिएका छैन भने सत्ता पक्ष होस् वा प्रतिपक्ष कसैको पनि ध्यान बढ्दो मूल्यवृद्धि नियन्त्रणमा छैन ।

चाडपर्वका बेला मौकाको फाइदा उठाउँदै कालोबजारी बढ्ने हुँदा उपभोक्ता आफैंसचेत हुनुपर्ने अधिकारीकर्मी तिमल्सिना बताउँछन् ।

दैनिक बजार अनुगमन निरन्तर रूपमा भइरहेको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको भनाइ छ । विभागका निर्देशक भरतप्रसाद अचार्यले दैनिक ५ जनाको पाँचवटा टोलीले बजार अनुगमन भइरहेको बताए । उनले भने, 'चाड नजिकिँदै छन् यस्तो बेलमा आफूखुसी मूल्य बढाउने हुँदा चाडपर्व लक्षित अनुगमन टोली दोब्बर बढाएर दैनिक उपभोग्य वस्तुलाई टार्गेट गर्दै अनुगमनको तयारी भइरहेको छ ।'

विभागले अनुगनका क्रममा मूल्यसूची, खरिद, बिलबिजक हेर्ने गरेको छ तर उपभोक्ताको बाध्यताको फाइदा उठाउँदै मूल्य बढाएको विषयमा चासो राख्दैन त्यसको असर आमउपभोक्तालाई परिरहेको हुन्छ ।

**कुवेतमा...**

उत्पादन बन्द गराउने अभियान तीव्र पारेको कुवेती सञ्चारमाध्यमले उल्लेख गरेका छन् । तर ओभरस्टे भई अवैधानिक अवस्थामा लुकीछिपी बसेका नेपालीहरू जीविकोपार्जनका लागि पनि अवैध मदिरा कारोबारमा लाग्ने गरेको बताइएको छ ।

**मलेसियाल...**

र उत्पादन बढाउन विशेष कोटाहरू स्वीकृत गर्नुपरेको बताए । मलेसियाको प्लान्टेसन तथा पाम आयल क्षेत्रमा कामदारको अभाव भएपछि त्यहाँको संसद्मा सांसदहरूले सरकारसँग जवाफ माग गरेका थिए ।

मलेसिया अध्यागमन विभागको तथ्यांकअनुसार यस वर्ष जुन ३० सम्म प्लान्टेसन क्षेत्रमा २ लाख ५८ हजार १ सय ५३ विदेशी रहेका छन् । करार अनुमतिको समयावधि सकिएका कारण कामदारहरू बिदामा घर फर्किंदा पनि विदेशी कामदारहरूको थप आवश्यकता देखिएको बताइएको छ । लगभग ८० प्रतिशत आप्रवासीहरू रहेको मलेसियाको प्लान्टेसन क्षेत्रमा इन्डोनेसिया, भारत, नेपाल र बंगलादेशबाट गएका कामदार कार्यरत रहेका छन् । मलेसियाले विश्वको ३९ प्रतिशत पाम तेल उत्पादन गर्छ भने विश्वभर हुने निर्यातको ४४ प्रतिशत हिस्सा ओगटेको छ ।

## साउदीमा श्रम स्वीकृतिबारे दूतावासले फेसबुक लाइभ कार्यक्रम सञ्चालन गर्दै



**अन्जान गुभाजु/मध्यान्ह**
रियाद, २९ साउन

साउदी अरबको रियादस्थित नेपाली दूतावासले वैधानिकीकरण श्रम स्वीकृति प्रक्रियाबारे विस्तृत जानकारी दिन शुक्रबार विशेष फेसबुक लाइभ कार्यक्रम आयोजना गर्ने भएको छ । दूतावासका अनुसार कार्यक्रम स्थानीय समयअनुसार अगस्ट १५ शुक्रबार बिहान ११ बजे दूतावासको आधिकारिक फेसबुक पेजमार्फत प्रत्यक्ष प्रसारण हुनेछ । करिब एक घण्टासम्म चल्ने उक्त लाइभमार्फत वैधानिकीकरणका लागि आवश्यक प्रक्रिया, कागजात, समयसीमा र अनलाइन आवेदन दिने तरिका स्पष्ट पारिनेछ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले हालै लागू गरेको वैदेशिक रोजगार सेवा प्रवाह (दोस्रो संशोधन) कार्यविधि, २०८२ अनुसार सन् २०२४ सेप्टेम्बर ३० सम्म वैदेशिक रोजगारीमा रही वैधानिक रूपमा कार्यरत नेपाली श्रमिकहरूले सम्बन्धित नेपाली दूतावासमा अनलाइन आवेदन दिई श्रम स्वीकृति लिन सक्ने व्यवस्था छ । यो व्यवस्थाले सन् २०२४ सेप्टेम्बर ३० भन्दा पहिले साउदी अरब प्रवेश गरेका र हाल वैधानिक रूपमा काम गर्दै आएका नेपाली श्रमिकहरूलाई सुविधा दिनेछ । उनीहरूले आवश्यक कागजात तयार गरी तोकिएको म्यादभित्र अनलाइन प्रणालीमार्फत आवेदन दिन सक्नेछन् ।

दूतावासका अधिकारीहरूका अनुसार शुक्रबारको लाइभ कार्यक्रममा वैधानिकीकरणसम्बन्धी सबै प्रावधान, पात्रता मापदण्ड, अनलाइन फर्म भर्ने चरण, शुल्क विवरण र आवेदकहरूले ध्यान दिनुपर्ने अन्य महत्वपूर्ण बुँदाहरू स्पष्ट पारिनेछ । साथै, लाइभमा दर्शकहरूले प्रत्यक्ष प्रश्न सोध्ने र तत्काल उत्तर पाउने अवसर पनि रहनेछ । दूतावासले शुक्रबारदेखि औपचारिक रूपमा पहिलो चरणको आवेदन प्रक्रिया सुरु गर्न लागेको जानकारी दिँदै सम्बन्धित सबै श्रमिकहरूलाई वैधानिकीकरणको माध्यमबाट श्रम स्वीकृति लिन आग्रह गरेको छ ।

Government of Nepal
**Ministry of Urban Development**
**Department of Urban Development & Building Construction**
**New Town Project Office**
**Chaurjahari, Rukum(Western Part)**

**INVITATION FOR BIDS (IFB)**

**First Date of Publication:-2082/04/30 B.S.**

1. DUDBC, New Town Project Office, Chaurjahari, Rukum (Western Part), invites Electronic bids for eligible bidders for a following construction work under National Competitive Bidding-Two Envelop Bidding procedure. Only eligible bidders with the following key qualifications should participate in this bidding.

| SN | Contract No/Bid No. | Description of work | Major Qualification and Key Activities | Minimum average annual construction turnover of best 3 years within last 10 years | Bid Security Amount NRs. | Price of Bid Document | Bid Capacity | Last date of bid submission and time |
|---|---|---|---|---|---|---|---|---|
| 1 | NTPO/ Chaurjahari/ Works/ NCB-01-082/83 | Construction of Structure, Road Upgradation & Drain works inside the Gharigaun Land pooling area at Chaurjahari Municipality ward no.1 | At least One Contract of Road including footpath interlock concrete block Construction work with value of NRs. 1,36,89,000.00 excluding VAT<br>Key activities<br>i) R.C.C M20 Works :314 cum<br>ii) Interlock Concrete Block M50<br>• Works :821 sq. m<br>• in Single F-Y | NRs. 6,84,47,000.00 Excluding VAT | NRs. 10,05,000.00 | NRs. 5000.00 | NRs. 3,08,01,000.00 | 2082/05/29 BS (14th day of sept.2025 )12:00 office hors NST |

2. Pre-bid meeting shall be held at DUDBC, New Town project, Chaurjahari, West-Rukum at **13:00 hrs on 2082/05/19 BS.**
3. Eligible Bidders may obtain further information from PPMO's website **www.bolpatra.gov.np/egp**.

**Project Chief**

**भोक्राहा नरसिंह गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**चिरौली, सुनसरी**
**कोशी प्रदेश, नेपाल**

**बिधुतीय बोलपत्र आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८२/०४/३० (बिधुतीय बोलपत्र)**

यस भोक्राहा नरसिंह गाउँपालिकाको आ.व.२०८२/८३ को स्वीकृत बार्षिक योजना तथा कार्यक्रम अन्तर्गत तपसीलमा उल्लेखित योजना ठेक्का प्रकृयाबाट संचालन गर्नु पर्ने भएको हुँदा इच्छुक निर्माण व्यवसायीवाट रीतपूर्वकको E-BIDDING (बिधुतीय बोलपत्र) आह्वान गरीएको छ ।

**तपसील:**

| क्र.सं. | ठे.नं. | ठेक्का विवरण | ल.ई.रकम (मू.अ.कर र पी एस वाहेक ) | धरौटी रकम | बोलपत्र पेश गर्ने प्रकृया | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | BNRM/CS/ NCB/ WORKS/ ROAD-01/082/083 | वडा न ०१ को प्रकाशपुर नहर देखि चिरौली चौक सम्म कालोपत्रे सडक | रु.१,३४,८७,२५३/८३ | रु.३,९५,०००/०० | E-BIdding | ३०००।०० |

**शर्तहरु**

१) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिबाट ३१ औं दिन १२:०० वजे भित्र E-Bidding मार्फत www.bolpatra.gov.np को माध्यमबाट बोलपत्र पेश गर्न सकिनेछ । बोलपत्र दस्तुर वापतको रकम भोक्राहा नरसिंह गा.पा.को भोक्राहा स्थित लक्ष्मी सनराईज वैंक लि. मा रहेको आन्तरीक राजस्व खाता नं. ०७९०३०००००३४ मा जम्मा गरेको भौचर समेत पेश गर्नुपर्नेछ ।

२) E-Bidding बोलपत्रको साथमा ठेकेदार इजाजत पत्र, स्थायी लेखा नम्बर, मु.अ.कर दर्ता नम्बर, आ.व.२०८०/०८१ को कर चुक्ता प्रमाणपत्र आदिको प्रतिलिपी संलग्न गर्नु पर्नेछ । साथै धरौटी वापतको रकमको हकमा यस कार्यालयको नाममा रहेको लक्ष्मी सनराईज बैंक लि. भोक्राहा सुनसरी स्थित धरौटी खाता नम्बर ०७९०३०००१६८ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' श्रेणीको बैंकबाट जारी गरेको कम्तीमा १२० दिन म्याद भएको विडवण्ड (दरभाउपत्र जमानत) पेश गर्नु पर्नेछ ।

३) E-Bidding मार्फत पेश भएको दरभाउपत्र ३१औं दिन दिनको २:०० बजे देखि नियमानुसार खोलिनेछ ।

४) E-Bidding मार्फत बोलपत्र फारम खरिद गर्ने अन्तिम दिन वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परे लगतै कार्यालय खुलेको दिन तोकिएकै समयमा उक्त कार्यहरु गरिनेछ ।

५) दररेट वा कबोल रकम अंक र अक्षरमा प्रष्टसँग उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको लाई मान्यता दिइनेछ ।

६) बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार भोक्राहा नरसिंह गाउँकार्यपालिकाको कार्यालय, चिरौली, सुनसरीमा निहित रहनेछ ।

७) बोलपत्रको मान्य अवधी दरभाउपत्र खोलेको मितिले ९० दिन रहनेछ ।

८) माथि ठेक्का विवरणमा जेजस्तो लेखिएको भएपनि ईस्टीमेट र BOQ मा उल्लेख भएका विवरण अनुसार प्राविधिकको प्रत्यक्ष निर्देशनमा कार्य गर्नु पर्नेछ ।

९) थप जानकारी लिन चाहेमा कार्यालय समय भित्र भोक्राहा नरसिंह गाउँकार्यपालिकाको कार्यालयमा सम्पर्क राखी लिन सकिनेछ ।

१०) अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

**युएईमा रोजगार**
कम्पनी : ARABIA TAXI TRANSPORTATION LLC — शहरः ABU DHABI
पूर्व स्वीकृत मितिः २०८२/०४/०४ — चलानी नं.: ६०२४१२१५ — LT. No.:327288 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Taxi Driver | 19 | 0 | स. काममा दक्ष | 2500 | ९३,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय पोखरा, कास्कीमा र नमस्ते जनप्रिय थकाली होटल, पोखरा, कास्कीमा २०८२ भदौ ६ गते (22 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका लागि विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SHIKHAR INT'L MANPOWER Services Pvt. Ltd.
Shikhar House, Near Radisson Hotel
Lazimpat - 2, Kathmandu, Nepal
Tel.: 4641707 (6 Line). www.shikharmanpower.com.np

**UAE मा रोजगार**
कम्पनी: WHITE SPOT FACILITIES MANAGEMENT SERVICES L.L.C — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८२/०४/२९ — चलानी नं.: ६०२४३११४ — L.T.No.: 329336

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ac Technician/maintenance Technician | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५७,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Cleaner General | 100 | 0 | | 1000 | ३८,०१० | | | | | | |
| 3. | Helper | 10 | 0 | | 1500 | ५७,०१५ | | | | | | |
| 4. | Life Guards | 30 | 0 | | 1500 | ५७,०१५ | | | | | | |
| 5. | Plumber | 20 | 0 | | 1500 | ५७,०१५ | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाण्डौमा २०८२ भदौ ६ गते (22 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

SHAN A.B. INTERNATIONAL PVT. LTD.
Maharajgunj Chowk (Near to Bhat Bhateni Supermarket), Kathmandu
Tel : 01- 4378890, 4378054, 9851002996, 9849149768, 9849070439, 9851085987, 9851190336, 9801323816, 9815349575, 9763241719, 9703459045
Licence No.: 915/067/68

**यूएईमा रोजगार**
कम्पनी: DREAM CASTEL BUILDINGS MAINTENANCE AND CLEANING SERVICES — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८२/०४/२९ — चलानी नं.: ६०२४३१०२ — LT. No.: 329233

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mason (Nepal) | 8 | 0 | स. काममा दक्ष | 1500 | ५७,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ ६ गते (22 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

Rio Overseas Pvt.Ltd.
Tokha Municipality-10, Kathmandu, Nepal. Tel No: 014985802, Mobile : 9864339769, 9818852251
Email: ramakhadka768@gmail.com, Web : riooverseasnepal.com.np
श्रम इजाजत पत्र नं. १६६७/०८०/०८१

**साउदीमा रोजगार**
कम्पनी: L&T HYDROCARBON SAUDI COMPANY — शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०४/२९ — चलानी नं.: ६०२४३०९७ — L.T. No.: 329246

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 212 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Helper | 50 | 0 | | 1000 | ३७,२१० | | | | | | |
| 3. | Worker Loading & Unloading | 75 | 0 | | 1000 | ३७,२१० | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ ६ गते (22 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

Lulu International Pvt. Ltd.
Samakhushi-26, Kathmandu, Tel: 01-4987011 | 01-4970151
Mob.: 9851083549 | 9802087028 | 9818065184
Govt. Lic. No. 1035/072/073

# पत्रकार स्वतन्त्र हुनुपर्छ : उपसभामुख

**काठमाडौं/मस–** प्रतिनिधिसभाकी उपसभामुख इन्दिरा रानाले पत्रकार स्वतन्त्र हुनुपर्ने भन्दै पार्टीवाद र तन्त्रवादको सीमा नाघेर कलम चलाउनुपर्नेमा जोड दिएकी छन् ।

जनआकाश मिडियाले आयोजना गरेको 'जनआकाश साप्ताहिक'को १८औं वार्षिकोत्सव तथा स्रष्टालाई सम्मान र सोही मिडियाका अध्यक्ष मोहन कार्कीद्वारा लेखिएको 'मलाई सुन्दर नेपाल बनाउने रहर छ' शीर्षकको स्वदेश गान लोकार्पण कार्यक्रममा प्रमुख अतिथि उपसभामुख रानाले यो धारणा राखेकी हुन् ।

रानाले अर्को प्रसंगमा सामाजिक रुपान्तरण केवल गफमा नभई व्यवहारमा उतार्नुपर्नेमा जोड दिइन् । उनले अन्य मुलुकहरू अर्थतन्त्रमा बलियो बन्दै गएको सन्दर्भ दिँदै, नेपालमा इमानदारीका साथ कर तिर्नेहरूको इमानदारी नदेखिएको बताइन् । यस्ता महत्वपूर्ण विषयहरू सञ्चारमाध्यमले उठाएर समाजलाई



सु-सूचित बनाउन सक्ने उनले बताइन् ।

कार्यक्रममा प्रेस काउन्सिल नेपालका सदस्य शान्तराम विडारीले जनआकाश मिडियाको कार्यक्रमहरूमा निरन्तर सहभागी हुँदै आएको बताए । उनले पत्रकारिता क्षेत्रमा कतिपय सञ्चारमाध्यमहरू 'मर्नु र बाँच्नु'को दोशाधमा रहेको उल्लेख गर्दै, जनआकाश पत्रिकाले पत्रिका, अनलाइन र युट्युब सञ्चालन गर्न सफल भएको र यसका लागि अध्यक्ष कार्कीको संघर्ष नै कारण भएको बताए ।

त्यसैगरी, विशेष अतिथिको रूपमा उपस्थित नेपाल पत्रकार महासंघ काठमाडौं जिल्ला शाखाकी अध्यक्ष शोभा अर्यालले जनआकाश मिडिया टिमको प्रगतिको प्रशंसा गर्दै आगामी दिनमा अझ ठूलो उपलब्धि हासिल गर्न शुभकामना दिइन् । उनले १८ वर्षको यात्रा आफैंमा ठूलो समय भएको बताइन् । अर्को प्रसंगमा अर्यालले पत्रकारलाई हेर्ने दृष्टिकोण सरकारको जहिले प्रतिपक्षजस्तो रहेको टिप्पणी गरिन् । साथै, आउन लागेको मिडिया काउन्सिल विधेयकको अस्पष्टता र अनलाइन मिडियालाई सिडिओ कार्यालयमा दर्ता गर्नुपर्ने प्रावधानबारे आपत्ति जनाउँदै यसले सञ्चारमाध्यमलाई निरुत्साहित गर्ने काम गरेको बताइन् ।

कार्यक्रममा स्वागत मन्तव्य दामोदर ढकाल (दिपक)ले दिएका थिए । वरिष्ठ पत्रकार डा.केशव देवकोटा लगायत विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका १० व्यक्तित्वलाई सम्मान गरिएको थियो । साथै, 'मलाई सुन्दर नेपाल बनाउने रहर छ' स्वदेश गानको म्युजिक भिडियोमा अभिनय गर्ने कलाकारहरूलाई कदरपत्रद्वारा सम्मान गरिएको थियो । यस्तै उपस्थित सबैलाई मायाको चिनो प्रदान गरिएको थियो ।

# अख्तियारले भ्रष्टाचार नियन्त्रणमा महत्वपूर्ण भूमिका खेलेको छ : नगरप्रमुख पौडेल

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २९ साउन



अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलको आयोजनामा तथा शीतगंगा नगरपालिकाको समन्वयमा 'भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन'सम्बन्धी स्थानीय तह स्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा नगरप्रमुख छबिलाल पौडेलले सुशासन कायम राख्न र भ्रष्टाचार नियन्त्रण गर्न सबै तहका सरोकारवालाबीच सहकार्य आवश्यक रहेको बताए । उनले पारदर्शिता र जवाफदेहितामा नगरपालिका प्रतिबद्ध रहेको र यस्ता कार्यक्रमहरू निरन्तर आवश्यक रहेको धारणा व्यक्त गरे ।

उपप्रमुख गिता भाटले भ्रष्टाचार नियन्त्रण केवल कानुनी प्रक्रिया मात्र नभइ जनप्रतिनिधि र कर्मचारीहरूको नैतिक दायित्व भएको बताइन् । उनले प्रत्येक कर्मचारी र जनप्रतिनिधिले आफ्नो कार्य गर्दा पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व पालना गर्नुपर्ने जोड दिइन् ।

अख्तियार बुटवलकी प्रमुख बिनिता भट्टराईले भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्न अख्तियार सक्रिय रहेको बताउँदै स्थानीय तहमा आएको बजेटको दुरुपयोग रोक्न सबै सरोकारवालाले जिम्मेवार भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिइन् ।

कार्यक्रममा सहभागीहरूले सार्वजनिक सेवाप्रदायक निकायहरूमा देखिने समस्या, सेवा प्रवाहमा पारदर्शिताको कमी, जिम्मेवारी अस्पष्टता तथा नागरिकको पहुँच अभावका विषयमा प्रश्न राखेर सुझाव प्रस्तुत गरेका थिए । अख्तियारका कर्मचारीले सहभागीहरूले उठाएका प्रश्नहरूको जवाफ दिँदै जनचेतना अभिवृद्धि र सेवामा सुधारका लागि स्थानीय तहसँग सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । नगरपालिका प्रमुख प्रशासकीय अधिकृत मदन बहादुर जिसीले अख्तियारद्वारा यस्ता कार्यक्रम आयोजना गरेर स्थानीय तहलाई सहजीकरण गरेकोमा धन्यवाद व्यक्त गर्दै भविष्यमा पनि निरन्तर सहकार्यको अपेक्षा व्यक्त गरेका थिए ।

# रासससको सेवा अझ बढी प्रभावकारी बनाउन सेवाग्राहीको सुझाव



**काठमाडौं/मस–** राष्ट्रिय समाचार समिति (रासस) का सेवाग्राहीहरुले रासससको समाचार सेवामा थप सुधार गर्नुपर्ने सुझाव दिएका छन् ।

रासस केन्द्रीय कार्यालय भद्रकाली प्लाजामा बिहीबार आयोजित 'समाचार सेवाको गुणस्तर र प्रभावकारीता' अर्धवार्षिक अन्तरक्रियामा सेवाग्राहीहरुले रासससको सेवालाई अझ बढी प्रभावकारी, गुणस्तरीय एवं सेवाग्राहीमैत्री बनाउन सुझाव दिए । उनीहरुले आलेख, विचार र बिटसँग सम्बन्धित समाचारलाई खोजमूलक बनाउन पनि सुझाव दिए ।

गोरखापत्र दैनिकका प्रधान सम्पादक जुनारबाबु बस्नेतले रासससको सेवासँगै दायित्व र भूमिका पनि बढेको उल्लेख गरे । उनले भने, 'रासससको तस्बिर सेवा राम्रो छ, क्याप्सन लेखनमा भने सुधार गर्नुपर्ने छ, हामीले सही र आधिकारिक समाचार दिने संस्थाको प्रभावकारीता बढाउँदै र बचाउँदै लैजानुपर्छ ।' रासससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले रासससका आफ्नै सीमा र प्राथमिताबीच सेवा प्रवाहलाई थप सुधार गर्दै लैजाने प्रतिबद्धता व्यक्त गरे ।

'राससले राज्यका प्रमुख अङ्गहरुबीच शक्ति सन्तुलनको पाटो र आम जनताका चासोसँग जोडिएका विषयवस्तुलाई सन्तुलित तथा प्राथमिताका साथ स्थान दिँदै आएको छ,' उनले भने, 'सम्भव भएसम्म भ्रामक, तथ्यहित र गलत सूचना रोक्ने प्रयास गरिएको छ, आफ्ना सेवालाई निरन्तर सुधार गरी अघि बढाइरहेका छौं ।'

कार्यकारी अध्यक्ष झाले एआई (कृत्रिम बौद्धिकता) को प्रयोगलाई सहयोगी उपकरणका रुपमा आवश्यकता अनुसार प्रयोगको अभ्यास गरिएको बताए । उनले भने, 'सुधार निरन्तर प्रक्रिया हो, सेवाग्राहीबाट आएका सुझावले राससलाई थप बलियो बनाउने छ, आगामी दिनमा पनि सेवाग्राहीसँग यी र यस्ता सुझावको अपेक्षा गर्दछु ।'

राससलाई अनुसन्धान केन्द्रका रुपमा विकास गर्ने योजना अनुसार रासस मिडिया सङ्ग्रहालय, समाचार बुलेटिन कक्ष र पुस्तकालय स्थापित गरेको उनले जानकारी दिए ।

रासस सञ्चालक समितिका सदस्य तथा आलेख शाखा प्रमुख कृष्ण अधिकारीले भाषागत त्रुटि सच्याउँदै आलेख तथा खोजी समाचारलाई प्राथमिकता दिने बताए ।

रासससका नायब महाप्रबन्धक राजु शाक्यले रासससको श्रव्यदृश्य र श्रव्य सेवालाई थप प्रभावकारी बनाइने बताए । प्रधान सम्पादक उत्तम सिल्वालले सेवाग्राहीबाट आएका सुझावलाई कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरे ।

प्रमुख समाचारदाता नारायणप्रसाद न्यौपानेले रासससको सेवा प्रवाहको गुणस्तर वृद्धिका लागि सेवाग्राहीबाट प्राप्त सुझाव कार्यान्वयन गर्ने कार्यलाई समितिले प्राथमिकता दिने बताए । अन्तरक्रिया कार्यक्रममा विभिन्न सञ्चारमाध्यमकका प्रतिनिधिहरु सहभागी थिए ।

# तीन छठ्ठी पर्व मनाइयो

**बिनोद निगम/मध्यान्ह**
नवलपरासी, २९ साउन

पश्चिम नवलपरासी जिल्लाका विभिन्न स्थानमा बिहीबार तीन छठ्ठी पर्व धार्मिक श्रद्धा र उत्साहका साथ सम्पन्न गरिएको छ । आफ्ना छोराको दीर्घायु र सुख-समृद्धिको कामना गर्दै महिलाहरूले पूजापाठ तथा व्रत बस्ने परम्परा रहेको यो पर्व भदौ शुक्ल षष्ठीका दिन मनाइन्छ ।

बिहानै महिलाहरूले घर नजिकै वा घरमै रहेको कुशको स्थानमा पूजाआर्चना गरी तीन छठ्ठी पर्व मनाए । पूजामा मौवाका पात, मौवा, सिन्दुरसहित अन्य आवश्यक सामग्री प्रयोग गरिएको थियो ।

पाल्हिनन्दन गाउँकी एक स्थानीय महिलाले भनिन्, 'यो पर्व हाम्रो संस्कृतिको महत्त्वपूर्ण अंश हो । हामी आमा-आमाहरू छोराको लामो आयु र परिवारको सुख-शान्तिका लागि व्रत बस्छौं । वर्षमा एक दिन भएपनि यस दिनको पूजाले आत्मिक सन्तोष दिन्छ ।'


## निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

देवी बहादुर लामिछानेको नातिनी, खड्ग बहादुर लामिछानेको छोरी, देवी बहादुर कार्कीको पत्नी, रामेछाप जिल्ला, उमाकुण्ड गा.पा. वडा नं. ४ बस्ने, यस बैंकको प्रिति शाखा कार्यालयको खातावाला श्याम कुमारी कार्कीको मिति २०८२/०३/३१ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको पति देवी बहादुर कार्कीले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com



"कृषि, पर्यटन र पूर्वाधारको दीगोपन : समृद्ध, सुसंस्कृत शहिद लखन"

# Shahid Lakhan Rural Municipality
## Office of the Rural Municipal Executive

**Ghairung Gorkha**
**Gandaki Province**

## INVITATION FOR BIDS

**Date of publication: 2082-04-30 BS**

1. Shahid Lakhan Rural Municipality invites electronic bid from national eligible bidders for Item Rate Contract of the following goods/ works:

| SN | Contract No: | Brief Description of Works Title | Estimate Amount without VAT (Nrs.) | Bid Security Amount in (NRS) | Last Date & Time of Bid Submission | Bid Opening Date and time | Bid Validity Period after bid opening | Cost of Bidding Document (NRS) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SLRM/GO/ NCB/W/ ROAD/ 082/083/01 | Upgrading works of Ludikhola Gurdum Maskichhap Tinmane Jumlichautara Road. | 86,01,835.34 | 2,50,000.00 | 2082/05/29BS) Up to 12:00hr | 2082/05/29 BS,13:00hr | 120days | 3000.00 |

2. Tender Procedures shall follow Public Procurement Act (1st Amendment, 2073) and Public Procurement Regulation (14th Amendment, 2082).
3. For further information, please refer to the PPMO's website. Any amendment in the notice or bid documents will be posted in website www.shahidlakhanmun.gov.np, notice board of this office and PPMO's website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**



## साउदी र साइप्रसमा रोजगार

कम्पनी: Blue Time Knowledge Contracting Est — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०४/२९ — चलानी नं.: ६०२४३०९३ — L.T. No.: 329258

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 5 | 0 | स. काममा दक्ष | 1200 | ४४,६५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: SPME Middle East General Contracting Company is a single person company — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०४/२९ — चलानी नं.: ६०२४३०९२ — L.T. No.: 329257

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loader & Unloader | 1 | 0 | स. काममा दक्ष | 1000 | ३७,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: C. & C. PRIVATE EMPLOYMENT AGENCY-LIC. NO.310 — शहर: CYPRUS
पूर्व स्वीकृत मिति: २०८२/०४/२९ — चलानी नं.: ६०२४३०९१ — L.T. No.: 329256

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chamber Maids | 0 | 10 | सम्बन्धित काममा दक्ष | 800 | १३१,००८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Employee | 5 | 0 | | 800 | १३१,००८ | | | | | | | |
| 3. | Spa Therapist | 0 | 5 | | 800 | १३१,००८ | | | | | | | |
| 4. | Waiter | 5 | 0 | | 800 | १३१,००८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ ६ गते (22 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

Bridge Sky International Pvt. Ltd. — Gov Lic No: 573/062/063
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
मोबाईल : ९८०१०३०५५५ फोन नं. ४९५३३२१, ४९५४९७१, ४९५६३६१, फ्याक्स: ४४६५३९५
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np



## UAE मा रोजगार — Copri Construction Enterprises Establishment

पूर्व स्वीकृती मिति: २०८२/४/२९ — चलानी नं. ६०२४३०७७ — LT No.: 329179

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Asst. Steel Fixer | 25 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,८४०।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Asst.Carpenter | 25 | | 1200 | ४५,८४०।- | | | | | | | |
| ३. | Labors | 100 | | 1000 | ३८,२००।- | | | | | | | |
| ४. | Pipe Fitter Assistant | 25 | | 1200 | ४५,८४०।- | | | | | | | |
| ५. | Plumber | 25 | | 1200 | ४५,८४०।- | | | | | | | |

अन्तरवार्ता २०८२ भाद्र ६ गते (22 Aug., 2025) यस प्रा. लि. को कार्यालय बसुन्धारा काठमाडौंमा हुनेछ ।

Login International Overseas Recruitment Pvt. Ltd.
श्रम इजाजत नं.: १५४२/०७८/०७९
Basundhara-3, Kathmandu, Ph.: 01-5911074/75, 9708158351, 9840055357



## Saudi मा रोजगार — Gulf Catering Food Factory Sudair

पुन विज्ञापन, पूर्व स्वीकृति मिति: २०८१/०८/१८ — चलानी नं.: ६०२२९१५५ — LT No. 314826

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Heavy Truck Drivers | 2 | 0 | काममा दक्ष | 1800 | ६७,२००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता २०८२ भाद्र ६ गते (22 Aug., 2025) यस प्रा. लि. को कार्यालय जावलाखेल, ललितपुरमा हुनेछ ।

लक्की एच.आर. सोलुसन प्रा. लि.
जावलाखेल, ललितपुर, फोन : ५४२०५६२, ५४५५१८०, ५४५०६३४, ५४५५१४४
E-mail : info@luckyhrsolution.com
श्रम इजाजत न.: ८७५/०६६/०६७



## कुवेत, ओमन र साउदीमा रोजगार

कम्पनी: BRIGHT BUILDING CLEAN COMPANY FOR GENERAL BULDING CLEANING SERVICES — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०४/२९ — चलानी नं.: ६०२४३०९६ — LT. No.: 329299

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Female | 0 | 6 | स. काममा दक्ष | 120 | ५४,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: NADA RASHID IBRAHIM AL HARTHY TRADING ESTABLISHMENT — शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०८२/०४/२९ — चलानी नं.: ६०२४३०९९ — LT. No.: 329266

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bus Drivers | 4 | 0 | स. काममा दक्ष | 1800 | ६६,९७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: HAIRDRESSING AND OTHER BEAUTY TREATMENT FOR WOMEN — शहर: OMAN
पूर्व स्वीकृत मिति: २०८२/०४/२९ — चलानी नं.: ६०२४३१०० — LT. No.: 329218

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Beautician | 0 | 1 | स. काममा दक्ष | 170 | ६१,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: Mashra' Marzouq Bin Mashra' Al-Shalawi Trading Establishment — शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०८२/०४/२९ — चलानी नं.: ६०२४३०९८ — LT. No.: 329265

